# कालीगण्डकी गाउँपालिका,स्याङ्जा

## गाउँ कार्यपालिकाको बैठक नं. ११

(मिति २०८२ फागुन २९)

गाउँकार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सावित्रा कोइरालाज्यूको अध्यक्षता तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमोजिम निर्णयहरु गरिएको छ ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं. | नाम,थर |
|---|---|---|---|
| | कार्यवाहक अध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | वडा अध्यक्ष | १ | श्री कृष्ण बहादुर लामिछाने |
| | वडा अध्यक्ष | २ | श्री खगिसरा आले |
| | वडा अध्यक्ष | ३ | श्री देवेन्द्र कुमार थापा |
| | वडा अध्यक्ष | ४ | श्री यादव प्रसाद पाण्डेय |
| | वडा अध्यक्ष | ५ | श्री रुक बहादुर थापा |
| | वडा अध्यक्ष | ६ | श्री सुन्दर प्रसाद अधिकारी |
| | वडा अध्यक्ष | ७ | श्री उम प्रसाद भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | भेषराज आचार्य |
| | प्रशासकीय अधिकृत | गाउँपालिका | टिका कुमारी क्षेत्री |
| | | | |
| | | | |
| | | | |

CamScanner

कालीगण्डकी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

विर्घा स्याङ्जा

मिति २०८२/११/२९

**गाउँकार्यपालिकाको १२औं बैठकका प्रस्तावहरु**

प्रस्ताव नं. १ प्रदेश समपुर र विशेष अनुदान माग सम्बन्धमा ।

प्रस्ताव नं. २ आयोजनाको भेरिएस अडर सम्वन्धमा ।

प्रस्ताव नं. ३ पत्रु सामाग्री हटाउने सम्बन्धमा ।

प्रस्ताव नं. ४ करार सेवा मार्फत पदपूर्ति सम्बन्धमा।

प्रस्ताव नं. ५ केबलकार सञ्चालन अनुमती सम्वन्धमा ।

प्रस्ताव नं. ६ खर्च अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ७ आयोजनाको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ८ सार्वजनिक बिदा सम्बन्धमा ।

प्रस्ताव नं. ९ न्यूनतम विद्युत महसुल भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १० सार्वजनिक सुनुवाई सम्बन्धमा ।

प्रस्ताव नं. ११ कार्यक्रम अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १२ विद्यालय साझेदारी कार्यक्रम सम्बन्धंमा ।

प्रस्ताव नं. १३ योजनामा रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं. १४ छात्रवृत्ति सम्बन्धमा ।

प्रस्ताव नं. १५ पोषण सम्बन्धी प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. १६ आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. १७ खरको छानो विस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. १८ विविध ।

CS CamScanner

मिति:२०८२।११।२९

निर्णय नं. १ प्रस्ताव नम्बर १ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकाबाट आ.व.२०८३/८४ को लागि गण्डकी प्रदेश सरकारमा समपूरक योजना अन्तर्गत १.हटिया चिउरीबोट सडक २.रानीघाट देउराली रुद्रबेणी ३. अरुवा भुट्टुङ, बैधा ४. जैपते लियाक,इमसिल ५.छाप, जिगे, इमसिल र विशेष योजना अन्गर्त १. पातपतिङ्गरमा आधारित जैविक मल उत्पादन तथा दिगो कृषि प्रवर्द्धन परियोजना २. खुसी पाठ्यक्रम कालीगण्डकी गाउँपालिका कार्यक्रम गरी जम्मा ७ वटा योजना माग पठाउने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नम्बर २ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिका, बिर्घा स्याङ्जा र R&CS/Beacon JV बीच भएको Construction of 15 Bedded Hospital Building-Contract ID no.KLGD/W/NCB/HP/06/078/79 १५ शैया अस्पताल निर्माण कार्यको सम्झौता भएर कार्य अगाडी बढीरहेको कार्यमा Finishing item, Sanitary item,Electrical items अनुरुप Design Drawing र BOQ मा केहि फरक देखिएकोमा अस्पताल सम्पन्नका लागि Drawing मा SS railing works, Sanitary works र electrical items अनुसार कार्य अगाडि बढाउने र उक्त items हरुको variation order जारि गरि कार्य अगाडि बढाउन कार्यदेश दिने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा कालीगण्डकी अस्पताल निर्माण कार्य अगाडी बढीरहेको अवस्थामा अस्पताल निर्माण स्थलमा रहेका पुराना संरचनाहरु हटाउनुपर्ने भएकोले लाभ लागतको आधारमा संरचना भत्काउदा निस्कने विभिन्न इटा,जस्ता लगायत सामाग्री हटाई लान चाहनेहरुको लागि सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिका अन्तर्गत र कालीगण्डकी अस्पताल लगायतमा विभिन्न पदमा कर्मचारी भएका कारण दैनिक कार्यसम्पादनको असहजतालाई मध्यनजर गर्दै रिक्त पदहरुमा विज्ञापन गरी यथाशिघ्र करारद्धारा पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा मिति २०८२।०२।२९ गते आलमदेवी केवलकार प्रा.लि. कालीगण्डकी-३ स्याङ्जालाई लाई कालीगण्डकी गाउँपालिका वडा नं. ३ स्याङ्जामा Top Station राखी केवलकार निर्माणको लागि अनुमति दिइएकोमा उक्त निर्माण रद्द गरी रानीमहल आलमदेवी केवलकार दर्शन प्रा.लि. का.जि.का.म.न.पा.-३२ लाई उक्त संस्था बाट बगनासकाली गाउँपालिका वडा नं. ७ पाल्पामा Base Station कालीगण्डकी गाउँपालिका वडा नं. ३ स्याङ्जामा Top Station राखी केवलकार निर्माण सञ्चालनका लागि अनुमति माग भई आएकोले यस कालीगण्डकी गाउँपालिका वडा नं. ३ मा केवलकारको Top Station राख्न अनुमति दिने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ६ प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकाबाट जिल्ला स्तरीय राष्ट्रपति रनिङ् सिलमा सहभागी हुँदाको जम्मा खर्च रु १,९२,९००/- (अक्षरुपी रु एक लाख बयानब्बे हजार नौं सय मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा निर्माणधीन अवस्थामा रहेको यस कालीगण्डकी गाउँपालिकाको आ.व. २०८१/२०८२ Construction of city hall in Kaligandaki Rural Municipality को ठेक्का नं. KLGD/W/NCB/CH/09/081/082 को काम विविध समस्याले गर्दा पुरै काम समयमानै सम्पन्न गर्न भएकोले उक्त कामको: म्याद २०८३।०२।१५ सम्म र यस कालीगण्डकी गाउँपालिकाको आ.व. २०८१/२०८२ टंलेहवा लिफ्टिङ् सिंचाई आयोजना (KLGD/W/NCB/TIP/07/079/80) को निर्माण कार्य भइरहेकोमा विभिन्न कारणले (टि.ओ.डी.मिटर उपलब्ध हुन ढिलो भएको, बगरमा बनाउनुपर्ने इनार निर्माणमा विभिन्न समस्या आएको) ले निर्माण कार्य समयमा सम्पन्न गर्न असमर्थ भएकोले उक्त निर्माण कार्य सम्पन्न गर्न म्याद थप गरी पाउँ भनी निवेदन पेश भएकोले उक्त कामको: म्याद २०८२।०३।१५ सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ८ प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा मिति २०८२।११।१५ गते पर्न गएको ४४ औं राष्ट्रिय मगर एकता दिवसको अवसरमा यस कालीगण्डकी गाउँपालिकामा मगर जातिको बाहुल्यता रहेको र विगतका वर्षहरुमा पनि स्थानीय विदा रहदै आएकोमा सोही अनुरुप उक्त दिन कालीगण्डकी गाउँपालिका भरी स्थानीय सार्वजनिक बिदा दिइएकोमा उक्त बिदालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालिकाबाट प्रदान गर्दै आएको न्युनतम २० युनिट सम्मको विघुत महसुल पालिकाबाट व्यहोर्ने भनी गाउँसभाबाट पारित भई कार्यान्वयनमा रहेको कार्यविधिलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नम्बर १० माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालपिकाको आ.व. २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं.-६ स्थित वडा कार्यालयमा मिति २०८२।१२।२० गते शुक्रबार गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालपिका र हेफर बीच भएको "हेफरको PMCC कार्यक्रम" लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा यस कालीगण्डकी गाउँपालपिका र आदर्श मा.वि. को साझेदारीमा अगाडी बढीरहेको CLEC Programme लाई सफल रुपमा सुसम्पन्न गर्नका लागि यस पालिकाबाट रु २,००,०००/-(अक्षरुपी रु. दुई लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. १२ प्रस्ताव नं. १२ मा छलफल गर्दा आदर्श माध्यमिक विद्यालय, कालीगण्डकी – २ लसर्घाविसीलाई CLEC Program मा गाउँपालिको साझेदारी स्वरुप रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ प्रस्ताव नं. १३ मा छलफल गर्दा तपसिल बमोजिमका योजनाहरुमा अपुग रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | रकम | बजेट शीर्षक |
|---|---|---|---|
| १ | बास्टारी - औद्योगिकग्राम जाने बाटो, वडा नं ५ | रु १ लाख ७८ हजार | सडक भवन विद्युत उर्जा सिँचाई कुलो मर्मत सम्भार |
| २ | जैसीटोल शिवालय मन्दिर बाटो, वडा नं. ७ | रु १ लाख | सडक भवन विद्युत उर्जा सिँचाई कुलो मर्मत सम्भार |
| ३ | त्रिष्टलको माला बनाउने तालिम | रु ३ लाख | महिला लक्षित सिप विकास कार्यक्रमबाट रु २ लाख ३० हजार र कार्यक्रम खर्चबाट ७० हजार |

निर्णय नं. १४ प्रस्ताव नं. १४ मा छलफल गर्दा विरेन्द्र माध्यमिक विद्यालय वडा नं ५ जैपतेमा प्रि- डिप्लोमा इलेक्ट्रिकल इन्जिनियर पढ्ने १४ जना विद्यार्थीहरुलाई रु १७ हजार ५ सयका र भगवती माध्यमिक विद्यालय वडा नं ७ मिर्मीमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने १२ जना विद्यार्थीहरुलाई रु १२ हजारका दरले छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५ प्रस्ताव नं. १५ मा छलफल गर्दा पोषणमैत्री स्थानीय शासन अन्तर्गत पशु र कृषि तर्फको सूचकको अवस्था मापनको लागि घरधूरी सर्वेक्षणबाट प्राप्त प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय गरियो ।साथै तथ्याङ्क संकलन र विश्लेषणको काममा अतिरिक्त समय खटाईएका कर्मचारीहरुलाई गणकको लागि रु चालिस र मोबाइल एपलिकेसन निर्माण र तथ्याङ्क विश्लेषणका लागि रु दश प्रति घरधुरीका दरले भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ प्रस्ताव नं. १६ मा छलफल गर्दा तपसिल बमोजिमका संघ संस्था तथा नागरिकहरुलाई आर्थिक सहायता शीर्षकबाट आर्थिक सहायता गर्ने निर्णय गरियो।

| क्र.स. | संस्था तथा व्यक्तिको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | अमृत भट्टराई | २५ हजार | स्वास्थ्य उपचार |
| २ | Active Music Pvt. | १० हजार | कला संस्कृती संरक्षण |

निर्णय नं. १७ प्रस्ताव नं. १७ मा छलफल गर्दा तपसिल वमोजिमका नागरिकहरुलाई खरको छानो हटाउनको लागि असहाय नागरिकको लागि आवास निर्माण कार्यक्रमबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१ शालिकराम न्यौपाने, कालीगण्डकी गा.पा. -५ जैपते रु ४२ हजार

२ मन बहादुर घर्ती, कालीगण्डकी गा.पा. – ४, खाल्टा रु ५० हजार

निर्णय नं. १८ प्रस्ताव नं. १८ मा छलफल गर्दा

- यस गाउँपालिकामा जग्गा प्लटिङ वा खण्डीकरणको सम्भावना र आवश्यकता नरहेको व्यहोरा निर्णय गरियो ।
- गाउँपालिकाले राजश्वको दर कायम तथा संकलन गर्दा आफ्नो क्षेत्राधिकार भन्दा वाहिर गई करारोपण नगरेको व्यहोरा निर्णय गरियो ।
- जिल्ला समन्वय समितिले पठाएको प्रतिवेदनमा छलफल गरी पठाएका पृष्ठपोषण कार्यान्वयन गर्ने निर्णय गरियो ।